# नेपाल धितोपत्र बोर्ड

## खुमलटार, ललितपुर

## कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा गरिने पदहरूको दरखास्त आव्हान गरिएको सूचना

**(सूचना प्रकाशन मिति: २०८२/०५/१३)**

लोक सेवा आयोगबाट सहमति प्राप्त भएबमोजिम बोर्डमा रिक्त रहेका देहाय बमोजिमको पदहरूमा कार्यक्षमता मूल्याङ्कनका आधारमा पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ (संशोधन सहित) को नियम ३६ बमोजिमको योग्यता पुगेका र नियम ३७ बमोजिम अयोग्य नभएका बोर्डमा कार्यरत कर्मचारीहरूले आफ्नो शैक्षिक योग्यता, आफूले काम गरेको सेवा अवधि तथा अन्य आवश्यक विवरण खुलाई तोकिएको ढाँचामा रितपूर्वक दरखास्त पेश गर्नुहुन यो दरखास्त आव्हान गरिएको छ । दरखास्त फारम बोर्डको जनशक्ति शाखाबाट प्राप्त गर्न सकिनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ०१/८२/८३ | कार्यकारी निर्देशक | विशिष्ट | - | १ (एक) |
| २ | ०२/८२/८३ | उप कार्यकारी निर्देशक | अधिकृत प्रथम | - | २ (दुई) |
| ३ | ०३/८२/८३ | निर्देशक | अधिकृत द्वितीय | प्रशासन | १ (एक) |
| ४ | ०४/८२/८३ | निर्देशक | अधिकृत द्वितीय | कानून | १ (एक) |
| ५ | ०५/८२/८३ | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन | १ (एक) |
| ६ | ०६/८२/८३ | वरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | १ (एक) |

सदस्य सचिव
पदपूर्ति समिति

# नेपाल धितोपत्र बोर्ड

## खुमलटार, ललितपुर

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने पदको दरखास्त आव्हान गरिएको सूचना

**(सूचना प्रकाशन मिति : २०८२/०५/१३)**

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम बोर्डमा रिक्त रहेका देहाय बमोजिमको पदमा नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ (संशोधन सहित) को नियम ३६ को व्यवस्था बमोजिमको योग्यता पुगेका र नियम ३७ बमोजिमको अयोग्य नभएका बोर्डमा कार्यरत कर्मचारीहरूबाट आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले यो विज्ञापन प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र बढुवा हुनका लागि योग्य उम्मेदवारले बोर्डको वेबसाइट **www.sebon.gov.np** मा रहेको Career Tab भित्र गई **https://career.sebon.gov.np** बाट अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन दिनका लागि आव्हान गरिन्छ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । थप जानकारीको लागि बोर्डको जनशक्ति शाखामा सम्पर्क राख्न सकिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०७/८२/८३ | निर्देशक | अधिकृत द्वितीय | प्रशासन | १ (एक) |

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** काठमाडौं ।

**दरखास्त बुझाउने स्थानः-** बोर्डको वेवसाईट https://www.sebon.gov.np/ मा रहेको Career Tab भित्र गई https://www.sebon.gov.np/career लिङ्क मार्फत।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजातहरू अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF/JPG/PNG Format मा अपलोड गर्नुपर्नेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ ।दरखास्तमा उल्लेख गरिएको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८२/०६/०२

**पदमा रही गर्नुपर्ने कामः-** बोर्डको व्यवस्थापन अन्तर्गत रही कार्य गर्नुपर्ने ।

**तलव तथा सेवा, सुबिधाः-** बोर्डको नियम अनुसार ।

**लिखित परीक्षा मितिः-** लोक सेवा आयोगबाट कायम भए बमोजिम सम्पर्क मितिमा प्रकाशन गरिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# नेपाल धितोपत्र बोर्ड

## खुमलटार, ललितपुर

**खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने पदहरूको दरखास्त आह्वान गरिएको सूचना**

सूचना प्रकाशन मितिः २०८२/०५/१३

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम अनुसार यस बोर्डका देहायका पदहरूमा खुला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ (संशोधन सहित) अनुसार योग्यता पुगेका नेपाली नागरिकहरूबाट दररखास्त आह्वन गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले बोर्डको वेवसाईट **https://www.sebon.gov.np/** मा रहेको Career Tab भित्र गई **https://www.sebon.gov.np/career** लिङ्कबाट अनलाईन दरखास्त प्रणालीमार्फत आवेदन दिनकालागि आह्वान गरिन्छ ।दरखास्त बुझाउने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.सं | विज्ञापन नं. | पद | श्रेणी | सेवा | समूह | किसिम | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | ०८/८२/८३ | सहायक निर्देशक | अधिकृत तृतीय | नेपाल धितोपत्र बोर्ड | प्रशासन | खुला | १ (एक) |
| २. | ०९/८२/८३ | सहायक निर्देशक | अधिकृत तृतीय | नेपाल धितोपत्र बोर्ड | कानून | मधेसी (पूनः विज्ञापन) | १ (एक) |
| ३. | १०/८२/८३ | सहायक निर्देशक | अधिकृत तृतीय | नेपाल धितोपत्र बोर्ड | कानून | दलित | १ (एक) |
| ४. | ११/८२/८३ | वरिष्ठ सहायक | सहायक प्रथम | नेपाल धितोपत्र बोर्ड | प्रशासन | खुला | १ (एक) |
| ५. | १२/८२/८३ | वरिष्ठ सहायक | सहायक प्रथम | नेपाल धितोपत्र बोर्ड | प्रशासन | महिला | १ (एक) |

**विज्ञापन सम्बन्धी विशेष सूचना**

सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा कानूनी व्यवस्था सोही अनुसार पदपूर्ति गरिनेछ ।

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** काठमाडौं ।

**दरखास्त बुझाउने स्थानः-** बोर्डको वेवसाईट https://www.sebon.gov.np/ मा रहेको Career Tab भित्र गई https://www.sebon.gov.np/career लिङ्क मार्फत।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजातहरू अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF/JPG/PNG Format मा अपलोड गर्नुपर्नेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ ।दरखास्तमा उल्लेख गरिएको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८२/०६/०२ र दोब्बर दस्तुर तिरी २०८२/०६/०९ सम्म बुझाउन सकिनेछ ।

**उम्मेदवारको उमेरको हदः-** अधिकृत तृतीय श्रेणीका पदहरुको हकमा २०८२/०६/०९ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
सहायक प्रथम श्रेणीका पदहरुको हकमा २०८२/०६/०९ सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**पदमा रही गर्नुपर्ने कामः-** बोर्डको व्यवस्थापन अन्तर्गत रही कार्य गर्नुपर्ने ।

**तलव तथा सेवा, सुबिधाः-** बोर्डको नियम अनुसार ।

**लिखित परीक्षा मितिः-** लोक सेवा आयोगबाट कायम भए बमोजिम सम्पर्क मितिमा प्रकाशन गरिनेछ ।

**परीक्षा दस्तुरः-** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

| **श्रेणी** | **परीक्षा दस्तुर** | **प्रत्येक थप समूहका लागि थप दस्तुर** |
|---|---|---|
| अधिकृत तृतीय | रु. २,०००।- (दुई हजार ) | रु. २००।- (दुई सय) |
| सहायक प्रथम | रु. १,०००।- (एक हजार) | रु. २००।- (दुई सय) |

**सम्पर्क मितिः-** पछि प्रकाशन गरिनेछ ।

## आवश्यक न्यूनतम योग्यता:

१. **अधिकृत तृतीय श्रेणी, प्रशासन सेवा, सहायक निर्देशक पदका लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा बाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट उपाधि हासिल गरेको हुनुपर्ने ।

२. **अधिकृत तृतीय श्रेणी, कानुन सेवा, सहायक निर्देशक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुनमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

३. **सहायक प्रथम श्रेणी, प्रशासन सेवा, वरिष्ठ सहायक पदका लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन वा बाणिज्य मूल विषय लिई कानून वा सूचना प्रविधि विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । दरखास्त दिने समयमा अपलोड गरिएका कागजातहरू उम्मेदवारसँग साथमा नभएमा जुनसुकै समयमा दरखास्त रद्द हुन सक्नेछ ।

(क) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नतोकेको हकमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भएको भनी प्रमाणित गरिएको प्रमाणपत्र।

(ख) दलितका हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह वा निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

## द्रष्टव्यः

१. नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०६८ (संशोधन सहित) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. प्रत्येक सेवा अन्तर्गत खुल्ला तथा समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइनेछ ।

३. दरखास्त पेश गर्ने उम्मेदवारहरुले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर वापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिन सम्ममा दोब्बर परीक्षा दस्तुर रकम बोर्डको वेवसाईट https://www.sebon.gov.np/ बाट अनलाईन दरखास्त प्रणालीमा आवद्द रहेको Connect IPS, E-Sewa र Khalti मार्फत भुक्तानी गर्नुपर्नेछ । सो वापत लाग्ने सेवा शुल्क दरखास्त पेश गर्ने उम्मेदवारहरूले बेहोर्नुपर्नेछ ।

४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

५. तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

६. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरि सकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धीत निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

७. कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।

८. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

८. पाठ्यक्रम बोर्डको वेबसाइट https://www.sebon.gov.np/ बाट प्राप्त गर्न सकिने छ ।

९. लिखित परीक्षामा आँउदा उम्मेदवारले आफ्नो सक्कल नागिरकता प्रमाणपत्र र बोर्डको अनलाईन दरखास्त प्रणालीबाट आफैले प्रवेशपत्र डाउनलोड गरी अनिवार्य रूपमा साथमा लिई आउनुपर्नेछ ।

१०. अनलाईन दरखास्त प्रणालीबाट आवेदन पेश गर्दा कुनै द्विविधा भएमा बोर्डको टेलिफोन नं. ०१-५५४१०५७, ०१-५५५०५११, ०१-५५५११६२, ०१-५५४४०७७, ०१-५५५०५१२ मा सम्पर्क गर्नुहुन अथवा यस बोर्डको ईमेल career@sebon.gov.np मा मार्फत बुझ्न सकिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति